त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## कृषि/वागवानी (B.Sc.Ag./Hort.) स्नातक तहमा विद्यार्थी भर्ना सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०७/०६**

शैक्षिक वर्ष २०७९/०८० को लागि यस अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा सञ्चालन हुने कृषि/वागवानी (B.Sc.Ag./Hort.) स्नातक तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका इच्छुक व्यक्तिहरुले **मिति २०७९/०७/०६** गतेबाट Online आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। नेपाल वाहेक अन्य संस्थाबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका आवेदकहरुले भर्नाको समयमा समकक्षता (Equivalence) को सक्कल प्रमाणपत्र पेश गर्नु पर्नेछ।

**तालिका १: अध्ययन संस्थान अन्तर्गत सञ्चालित आंगिक, सम्बन्धन प्राप्त क्याम्पस तथा अन्य कार्यक्रम**

| आंगिक क्याम्पसहरु | कोटा | सम्बन्धन प्राप्त क्याम्पसहरु | कोटा | सम्बन्धन प्राप्त कार्यक्रम | कोटा |
|---|---|---|---|---|---|
| १. पक्लिहवा क्याम्पस, भैरहवा | १०० | १.पृथु टेक्निकल कलेज, दाङ | ५० | १.महेन्द्र रत्न वहुमुखी क्याम्पस, इलाम (वागवानी कार्यक्रम) | ५० |
| २. लमजुङ्ग क्याम्पस, सुन्दरबजार | १०० | २.कलेज अफ लाइफ साइन्सेस, दाङ | ५० | | |
| ३. रामपुर क्याम्पस, चितवन | ५० | ३.गोकुलेश्वर कृषि कलेज, वैतडी | ५० | २. नेपाली सेना कृषि विज्ञान अध्ययन संस्थान | ४८ |
| ४. गौरादह क्याम्पस, झापा | ५० | | | | |

कोटा सम्बन्धि विस्तृत विवरण तालिका ३ मा दिइएको छ।

### १. Online आवेदन प्रक्रियाः

आवेदन फाराम आवेदक स्वयंले http://entrance.iaas.edu.np/ मा online बाट मात्र भर्न सकिनेछ। आवेदनमा समावेश गरिएका कागजात तथा जानकारीहरु झुटो वा अपुग पाइएमा अयोग्य हुनेछन।

### २. आवेदनको लागि न्युनतम शैक्षिक योग्यताः

आई.एस्सी. (कृषि वा पशु विज्ञान वा वन विज्ञान) वा १०+२ (विज्ञान) वा सो सरहको तहमा अंग्रेजी, भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान र गणित विषय अध्ययन गरी कुल प्राप्ताङ्को ५०% (पचास प्रतिशत) अङ्क वा Letter Grading System अन्तर्गत भए Aggregate मा **C**$^{+}$ वा CGPA/GPA **2.4** प्राप्त गरी उत्तिर्ण भएको हुनु पर्नेछ। १०+२ वा सो सरहमा गणित विषयको थप मार्कसिट भएका विद्यार्थीको हकमा Letter Grading System मा C वा सो सरह प्राप्त गरेको मार्कसिट पनि upload गर्नु पर्नेछ। १०+२ को Aggregate Transcript नभइ कक्षा १२ को मात्र Transcript भएको खण्डमा कक्षा ११ को मार्कसिट पनि १२ को Transcript संगै pdf बनाई upload गर्नु पर्नेछ।

### ३. आवेदन तथा परीक्षा शुल्कः

प्रवेश परीक्षा शुल्क रु.४,५००।-(रु. चार हजार पाँच सय) Online बाट मात्र बुझाउँन सकिनेछ। डीनको कार्यालयको वेवसाइट http://entrance.iaas.edu.np/ मा गएर online payment बटनमा click गरेपछि connect IPS वा e-sewa वा Khalti बाट मात्र शुल्क भुक्तानी गर्न सकिनेछ। शुल्क भुक्तानी गरेपछि प्राप्त हुने भौचर कोड प्रयोग गरी प्रवेश परीक्षाको फाराम भर्नु पर्नेछ।

### ४. आवेदन दिने मिति र समयः

मिति २०७९/०७/०६ गतेदेखि मिति २०७९/०८/१० **गते** राती १२:०० बाह्र बजेसम्म र दोब्बर दस्तुर **मिति** २०७९/०८/१४ गते राती १२:०० बाह्र बजेसम्म चौबिसै घण्टा Online बाट आवेदन दिन सकिनेछ। आवेदनमा गरेको भूल सुधार गर्न चाहेमा मिति २०७९/०८/१६ गते भित्र रु. २००।- (रुपैया दुई सय मात्र) बुझाई डीन कार्यलयमा, कार्यालय समय भित्र भूल सुधार गर्न सकिनेछ।

### ५. प्रवेश पत्र वितरणः

मिति २०७९/०८/२१ गतेबाट प्रवेश पत्र online बाट वितरण गरिनेछ। आवेदकले कुनै पनि browser खोली http://entrance.iaas.edu.np/ type गरी, check your status मा click गरी आफ्नो information entry गरी search गर्दा देखाउने admit card अनिवार्य रुपमा **color print** गरी लिनुपर्नेछ।

६. **प्रश्नपत्र तथा परीक्षासम्बन्धी जानकारी:**

प्रवेश परीक्षामा प्रमाणपत्र तह/१०+२ का तल उल्लेखित विषयहरुबाट बहुछनौटिय वस्तुगत किसिम (Multiple Choice Objective Type) का जम्मा १०० वटा प्रश्नहरु हुनेछन् (तालिका २)।

| क.सं. | विषय | प्रश्न संख्या | | क.सं. | विषय | प्रश्न संख्या |
|---|---|---|---|---|---|---|
| १ | अंग्रेजी | १५ | | ५ | जुलोजी | १२ |
| २ | केमेष्ट्री | १५ | | ६ | बोटानी | १२ |
| ३ | फिजिक्स | १५ | | ७ | कृषि | १२ |
| ४ | गणित | १५ | | ८ | सामान्य ज्ञान | ४ |

**प्रवेश परीक्षा मिति २०७९/०८/२४ गते दिउँसो ११:०० बजे देखि १२:३० बजेसम्म हुनेछ।** परीक्षार्थीले परीक्षा दिन आउँदा रंगिन प्रवेश पत्र र नागरिकता/सवारी चालक अनुमती पत्र/राहादानीको सक्कल अनिवार्य ल्याउनु पर्नेछ। अन्यथा परीक्षा हलमा प्रवेश पाइने छैन। प्रवेश परीक्षा केन्द्र वारे पछि सूचना गरिनेछ।

७. **प्रवेश परीक्षा नतिजा प्रकाशन तथा मेरिट क्रम:**

प्रवेश परीक्षा नतिजा मिति २०७९/०८/२५ गतेभित्र प्रकाशन गरिनेछ। प्रवेश परीक्षाको उत्तिर्णाङ्क ५० प्रतिशत हुनेछ। प्रवेश परीक्षाको प्राप्ताङ्कलाई आधार मानी योग्यता (Merit) क्रम तयार गरी भर्नाको लागि नामावली प्रकाशित गरिनेछ। प्राप्ताङ्क प्रतिशत बराबर भएमा १०+२ वा सो सरहको Transcript को प्रतिशत/ग्रेड, सो पनि बराबर भएमा एस.एल.सी वा सोसरहको प्रतिशत/ग्रेड र सो पनि बराबर भएमा क्रमशः १०+२ वा सो सरहको तहमा जीव विज्ञान, रसायनशास्त्र, भौतिकशास्त्र, अंग्रेजी तथा गणित विषयको प्रतिशत/ग्रेड हेरी योग्यताक्रम प्रकाशित गरिनेछ। नतिजा, योग्यता क्रमाङ्क तथा भर्नासम्बन्धी सम्पुर्ण सूचना IAAS को website (https://www.iaas.edu.np) मा पनि राखिनेछ।

८. **कोटा (मेरिट र आरक्षित कोटा) वर्गीकरण:**

प्रवेश परीक्षामा उत्तिर्ण हुने परीक्षार्थीहरु यस अध्ययन संस्थान अन्तर्गत स्नातक तहमा कृषि/वागवानी (B.Sc.Ag./Hort) विषय सञ्चालन भएका आंगिक र सम्बन्धन प्राप्त क्याम्पस/कलेज/कार्यक्रमहरुमा तालिका ३ अनुसार भर्ना लिइनेछ। त्रि.वि. नियममा व्यवस्था भए अनुसार आरक्षण कोटाको हकमा छात्रा बाहेक अन्य आवेदकले आरक्षित कोटामा भर्ना हुन चाहेमा सम्बन्धित निकायबाट प्राप्त प्रमाणपत्र पेश गर्नु पर्नेछ। आवेदनमा उक्त प्रमाणपत्र समावेश नभएमा त्यस उपर कारवाही गरिने छैन। सबै कोटाहरुमा मेरिट क्रमाङ्क अनुसार भर्ना लिइनेछ।

क. **अपाङ्ग कोटा:** राष्ट्रिय अपाङ्ग महासंघ वा सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

ख. **आदिवासी/जनजाति कोटा:** आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

ग. **दलित कोटा:** राष्ट्रिय दलित आयोग वा सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

घ. **मधेसी कोटा:** सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

ङ. **दुर्गम जिल्ला:** सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।(नागरिकता अनुसार : अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु तथा हुम्ला स्थायी बसोबास भएका)

च. **मुस्लिम कोटा:** सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

छ. **थारु कोटा:** आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

ज. **अन्य कोटा** (अल्पसंख्यक, सिमान्तकृत, पिछडिएको वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा आर्थिक रुपले विपन्न खस आर्य): सम्वन्धित जि.प्र.का. वा सम्वन्धित गाउँपालिका वा नगरपालिका।

झ. **स्थानिय कोटा:** कागजातको वारेमा सम्बन्धित क्याम्पसले पछि सूचना गर्नेछ। एनेक्स कार्यक्रम सञ्चालन भएका आगिंक क्याम्पस तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा कोटाको ५% स्थानीय कोटाको लागि निर्धारण गरिएको छ। आंगिक क्याम्पसको हकमा एनेक्स कोटामा थप हुनेछ।

ञ. **स्टाफ कोटा:** सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नागरिकताका प्रमाणपत्र तथा सम्बन्धित क्याम्पसको सिफारिस पत्र। नियमित कोटाभित्र समावेश छैन।

**** कुनै पनि आरक्षित कोटाको लागि वडा कार्यलयको सिफारिस मात्र मान्य हुने छैन।***

त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

**तालिका ३: शैक्षिक सत्र २०७९/०८० मा आंगिक क्याम्पस/संस्थानमा भर्ना लिइने जम्मा विद्यार्थी संख्या**

| कोटा विवरण | वि.एस्सी.कृषि/वागवानी | | | | | |
|---|---|---|---|---|---|---|
| | **लमजुङ** | **पक्लिहवा** | **रामपुर** | **गौरादह** | **नेपाली सेना** | **जम्मा** |
| मेरिट कोटा | २७ | २७ | २६ | २६ | १३ | **११९** |
| **छात्रा कोटा** | | | | | | |
| खुला | १ | १ | २ | २ | १ | **७** |
| दलीत | | | | | १ | **१** |
| मस्लीम | १ | - | - | - | - | **१** |
| **आदिवासी-जनजाती कोटा** | १ | २ | २ | १ | १ | **७** |
| **मधेसी कोटा** | | | | | | |
| खुला | १ | १ | १ | १ | १ | **५** |
| दलित | - | - | - | १ | - | **१** |
| **दलित कोटा** | १ | १ | १ | १ | - | **४** |
| **अपाङ्ग कोटा** | १ | १ | १ | १ | - | **४** |
| **मश्लीम कोटा** | १ | १ | - | १ | - | **३** |
| **थारु कोटा** | १ | १ | १ | १ | १ | **५** |
| **दुर्गम जिल्ला कोटा** | १ | १ | १ | - | - | **३** |
| **अन्य कोटा** | १ | १ | १ | १ | - | **४** |
| अ.सं. विकास शुल्क | १३ | १३ | १४ | १४ | ६ | **६०** |
| **जम्मा** | **५०** | **५०** | **५०** | **५०** | **२४** | **२२४** |
| **एनेक्स कोटा** | **५०** | **५०** | - | - | **२४*** | **१२४** |
| **स्टाफ कोटा** | | | | | | |

| शुल्क प्रकार | त्रि.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | IAAS मा कार्यरत शिक्षक तथा कर्मचारीहरुको लागि | जम्मा |
|---|---|---|---|
| सहलियत शुल्क | १ | २ | ३ |
| पुर्ण शुल्क | १ | २ | ३ |
| जम्मा स्टाफ कोटा | २ | ४ | ६ |

*उल्लेखित कोटा नेपाली सेना कृषि विज्ञान संस्थानको संचालन नियमावली अनुसार हुनेछ।

ट) **सम्बन्धन प्राप्त क्याम्पस/कार्यक्रम कोटा**

प्रवेश परीक्षामा उत्तिर्ण हुने विद्यार्थीहरु त्रि.वि. बाट सम्बन्धन लिई स्नातक कृषि/वागवानी विज्ञान विषय सञ्चालन भएका सम्बन्धन प्राप्त क्याम्पस वा कार्यक्रमा तालिका १ अनुसार भर्ना लिइनेछ। नेपाल सरकार शिक्षा मन्त्रालयको कलेज/क्याम्पस सम्वधमा आधारभुत निति २०६३ (संसोधन सहित) बमोजिम लागुहुने १०% छात्रावृति कोटा र स्थानिय कोटा निर्धारित ५० जना कोटा भित्रै हुनेछ। छात्रवृति कोटा वाहेकका विद्यार्थीहरुको भर्ना सम्बन्धी कार्यक्रम सम्बन्धित क्याम्पसबाट प्रकाशित हुनेछ र सोको भर्ना डीन कार्यालयले तोकेको प्रतिनिधिको रोहवरमा मेरिटको आधारमा गर्नु पर्नेछ। भर्ना प्रक्रियाका सूचना र भर्ना भएका विद्यार्थीहरुको नामावली अनिवार्य रुपमा १ महिना भित्रमा डीन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

९. **भर्ना शुल्क, भर्ना प्रकृया तथा विद्यार्थी भर्ना तालिका**

भर्ना शुल्क तथा भर्ना प्रकृया सम्बन्धी तालिका पछि प्रकाशित गरिनेछ।

१०. भर्ना सम्बन्धी थप जानकारीको लागि टेलिफोन नं. ०१४३३०५०० ext. १०८ मा सम्पर्क गर्न सकिनेछ।

डा.किशोर चन्द्र दाहाल
सहायक डीन एवं भर्ना समिति संयोजक